पलाँता गाउँ कार्यपालिकाको १०४ औं बैठकका प्रस्ताव तथा निर्णयहरु:

पलाँता गाउँ कार्यपालिकाको १०४ औं बैठकबाट कार्यपालिकाको सार्वजनिक सरोकारका विषयसँत सम्बन्धित निर्णयहरु नेपालको संविधान, प्रचलित सूचनाको हक सम्बन्धी ऐन र नियमावली बमोजिम सबैको जानकारीको लागि प्रकाशन गरिएको छ।

प्रस्तावहरु:

१. कार्यापालिकाको निर्णय प्रकाशन गर्ने सम्बन्धमा ।
२. राजपत्रमा प्रकाशन गर्ने सम्बन्धमा ।
३. पुरानो सेवा सुविधा र तलव भत्ता सम्बन्धमा ।
४. सरसफाई अभियान सञ्चालन सम्बन्धमा ।
५. वृक्षारोपण कार्यक्रम सञ्चालन सम्बन्धमा ।
६. श्री कर्णाली मा.वि. को भौतिक पूर्वाधार निर्माण सम्बन्धमा ।
९. गैर सरकारी संघ संस्थाहरुको सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं.१: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस पलाँता गाउँ कार्यपालिकाको चालु आ.व. २०८१/०८२ को पहिलो बैठक तथा हालसम्मको १०४ औं बैठकबाट सार्वजनिक सरोकारका विषयका निर्णयहरु नेपालको संविधान, सूचनाको हक सम्बन्धि ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को तपसिलको कानूनी प्रावधान गाउँपालिकाको वेवसाइटमा अनुसार सार्वजनिक गर्न नेपाली कागजमा कम्प्यूटर प्रिन्ट गरी गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतवाट प्रमाणित गराई प्रकाशन गर्ने निर्णय सर्व सहमतिबाट पारित गरियो ।

तपसिल:

क) नेपालको संविधान, २०७२ को भाग-३ अन्तर्गत मौलिक हकको धारा-२७ बमोजिम सार्वजनिक सरोकारको कार्यपालिका बैठकको निर्णयहरु प्रकाशन गर्ने ।
ख) नेपालको संविधान, २०७२ को भाग-३ अन्तर्गत मौलिक हकको धारा-२८ बमोजिमको कार्यपालिका बैठकको निर्णयहरु गोप्य राखिने ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

नकुहिने प्रकृतिका फोहोर समेत वडाबाट बिक्रीको व्यवस्था गर्ने र कुहिने प्रकृतिका फोहोर सम्बन्धित स्थानमा खाल्डो खनि सोही खाल्डोमा राखी कुहाउने व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि विस्तृत छलफल गर्दा यस पलाँता गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को निति तथा कार्यक्रमबाट पारित "एक घर १० बिरुवा" रोपी गाउँपालिका क्षेत्रभित्र वृक्षारोपण कार्यक्रम संचालन गर्ने नीतिलाई कार्यान्वयन गर्न र पालिकाको वातावरणलाई स्वच्छ एवम् हरियाली बनाउन यस पालिका भित्रका सार्वजनिक स्थलको नाङगो पाखा साथै निजी तथा व्यक्तिगत घरको वरीपरी, खेत तथा बारीहरुमा वृक्षारोपण कार्यक्रम २०८१ भदौ महिना भित्र सवैले गर्ने निर्णय गरियो । साथै यस नितीलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न पलाँता गाउँपालिकाको जनप्रतिनिधिको जन्म दिनको अवसरमा कम्तिमा ५ (पाँच) बिरुवा, कर्मचारी र शिक्षकको जन्म दिनमा कम्तिमा ३ देखि ५ बिरुवा र सवै पलाँता बासी नागरिक तथा बालबालिकाको जन्मदिनको अवसरमा कम्तिमा १ (एक) बिरुवा रोप्ने र रोप्न लगाउने निर्णय गरी यो निर्णयको सूचना वडा मार्फत सवै गाउँ बासी साथै सबै सरकारी र गैर सरकारी निकायमा जानकारी गराउने निर्णय गरियो ।

वृक्षारोपण गर्दा तपसिलको विरुवा रोप्ने निर्णय गरियो ।

क) डाँले घाँसका बिरुवाहरु  ख) फलफूलका बिरुवाहरु

ग) साल, सिसौ, वर, पिपल जस्ता विरुवाहरु  घ) बकाइनोको विरुवा

ङ) सल्लो  च) देवदार

छ) खयर  ज) लाली गुराँस

झ) बाँस तथा निगालो जातका विरुवाहरु  ञ)अन्य माटो र हावापानी सुहाउँदो विरुवाहरु ।

निर्णय नं.६: प्रस्ताव नं. ६ माथि विस्तृत छलफल गर्दा यस पलाँता गाउँपालिकाको वडा नं. ५ खिन स्थित संचालनमा रहेको श्री कर्णाली माध्यमिक विद्यालयको भवन, शौचालय, खानेपानी, फर्निचर, प्रयोगशाला, पुस्तकालय जस्ता विद्यालय पूर्वाधारको निर्माणको लागी नेपाल-भारत मैत्री सहयोग अन्तर्गत भारतिय राजदूतावासबाट सो विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागी लागानी गर्ने बजेटको ५ प्रतिशत गाउँपालिकाबाट व्यहोर्ने गरी भारतीय राजदूतावासलाई श्री कर्णाली प्रदेश सरकार, मन्त्री परिषद तथा मुख्यमन्त्रीको कार्यालय सुर्खेतबाट श्री संघीय मामिला तथा सामान्य

विष्णु बहादुर रोकाया
अध्यक्ष

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ग) सूचनाको हक सम्बन्धि ऐन २०६४ को परिच्छेद-२ अन्तरगत दफा (३) को उपदफा (१) र (२) बमोजिमको कार्यपालिका बैठकको निर्णयहरु सार्वजनिक गरी सूचना प्रकाशन गर्ने र उपदफा (३) संग सम्बन्धित विषयको कार्यपालिका बैठकको निर्णयहरु गोप्य राखिने ।

घ) सूचनाको हक सम्बन्धि ऐन, २०६४ को परिच्छेद-२ को दफा ४ र ५ बमोजिम सूचनाको व्यवस्थापन गर्ने।

निर्णय नं.२: प्रस्ताव नं. २ माथि विस्तृत छलफल गर्दा यस पलाँता गाउँकार्यपालिकाको बैठक र गाउँसभाबाट स्वीकृत एवं पारित गरिएका ऐन, कानून, कार्यविधिहरु, मापदण्डहरु र निर्देशिकाहरु राजपत्रमा प्रकाशन गरी गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतबाट संयुक्त रुपमा प्रमाणित गरी वेबसाइटमा क्रमशः प्रकाशन गर्ने र ती कानून तथा कार्यविधिका व्यवस्था तथा प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय सर्व सहमतिबाट पारित गरियो ।

निर्णय नं.३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.व. २०८०/०८१ मा बजेट अपुग भई भुक्तानी दिन बाँकी तर चालु आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रममा व्यवस्था गरिए अनुसार जनप्रतिनिधीहरुको सेवा सुविधा र स्वास्थ्य साथै अन्य करार कर्मचारीको तलव भत्ता चालु आ.व. को आख्तियारी प्राप्त भएपछि क्रमशः भूक्तानी दिने निर्णय सर्व सहमतिबाट पारित गरियो।

निर्णय नं.४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस पलाँता गाउँपालिकाको दीर्घकालिन लक्ष्य "स्वच्छ, समृद्ध र सुसँस्कृत पलाँता" हाँसिल गर्न यस पालिका भित्र रहेका सार्वजनिक निकाय र गैर सरकारी निकायमा कार्यरत कर्मचारी, गाउँपालिकाका जनप्रतिनिधि, विद्यालयका शिक्षक साथै विद्यार्थी, वडा कार्यालयका कर्मचारी र स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रका स्वास्थ्य कर्मीको संलग्नतामा वडा स्तरमा, गाउँ टोल, बजार स्तरमा महिनाको पहिलो शनिवारको विहान एक घण्टा सरसफाइ अभियान सञ्चालन गर्ने, संकलित फोहर मैलाको प्रकृति अनुसार कुहिने र नकुहिने फोहोर मैला छुट्याउने, कुहिने फोहोर मैलाबाट कम्पोष्ट मल बनाउने र नकुहिने फोहोर मैला अन्तर्गत प्लाष्टिक, बोत्तल जस्ता नकुहिने प्रकृतिका फोहोरजन्य वस्तु संकलन गरी पुनः प्रशोधन गरी पुनः प्रयोग हुने खालको फोहर वस्तुलाई पालिकाको आय स्रोतको रुपमा प्रति के.जी. रु. २ (दुई) का दरले पालिकामा जम्मा भएको फोहोर पालिकाबाट र वडा स्तरमा संकलित फोहोर वडाबाट बिक्री गरी सो रकम गाउँ कार्यपालिकाको राजस्व खातामा दाखिला गर्न गाउँकार्यपालिकामा बुझाउने निर्णय सर्व सहमतिमा पारित गरियो ।विद्यालय र स्वास्थ्य कार्यालय तथा अन्य कार्यालयमा संकलन भएको

विष्णु बहादुर रोकाया
अध्यक्ष

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौमा सिफारिस गर्न पत्रमार्फत अनुरोध गर्ने निर्णय सर्व सहमतिमा पारित गरियो ।

<u>निर्णय नं.९</u>: प्रस्ताव नं. ९ माथि विस्तृत छलफल गर्दा यस पलाँता गाउँपालिकाको सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार विकास र शैक्षिक सुधार साथै अन्य विविध विकास एंव परिवर्तनको लागी स्थानीय सरकारको मात्र एक्लो प्रयास पर्याप्त नहुने देखिन्छ। गाउँपालिकाको सम्वृद्धिलाई टेवा पुग्ने गरी यहाँको समग्र विकासमा सहयोग तथा समन्वयको लागि यस पलाँता गाउँपालिकामा पालिका सरकारसंग सहकार्य साथै गैर सरकारी संघ संस्थाको परियोजनालाई कार्यान्वयन गर्न चाहाने गैर सरकारी संघ संस्थालाई यस गाउँपालिकामा स्वागत गर्ने, काम गर्न अनुकुल वातावरण सिर्जना गर्ने र आवश्यक समन्वय तथा सहकार्य गर्ने गरी पलाँता गाउँपालिकामा प्रवेशका लागी खुला गर्ने र गैर सरकारी संघ संस्थाको योजना तथा परियोजनाहरु र बजेट तथा कार्यक्रमको व्यवस्थापन गराई प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पहल गर्ने निर्णय सर्व सहमतिमा पारित गरियो ।

<u>निर्णय नं.१०</u>: प्रस्ताव नं. १० माथि विस्तृत छलफल गर्दा देहायको निर्णय गरियो ।

क) मितिः २०८०।११।०८ को कार्यपालिकाको निर्णय अनुसार महिनाको पहिलो शुक्रबार जनप्रतिनिधि, कर्मचारी र शिक्षकले श्रमदान गर्ने निर्णय वमोजिम मिति २०८१/०५/१५ गते बिहान ७:०० बजे विहान देखि ३ घण्टा श्री सरस्वती मा.वि. थिर्पुको पर्खाल निर्माण गर्ने, सो विद्यालयको नजिक भएर वहने दाम्रीगाढ खोलामा पुल निर्माण र सो खोला पारी बाटो निर्माणको लागि जनश्रमदानको काम गर्ने ।

ग) वडा कार्यालयमा कार्यरत केही वडा सचिवहरुको कामकाजमा केही जनगुनासो प्राप्त भएकाले आवश्यकता अनुसार स्थायी सचिवको जिम्मेवारीमा हेरफेर गर्ने निर्णय सर्व सहमतिमा पारित गरियो ।

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत